## आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः २४ मई २०२६
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- राज्य सरकारको गृह तथा पहाडी मामला विभागले राज्यका सबै जिल्ला अधिकारीहरूलाई अवैध रूपमा बसोबासो गरिरहेका बंगलादेशी तथा रोहिंग्या विदेशी नागरिकहरूलाई नियन्त्रणमा लिएपछि उनीहरुलाई राख्नका लागि होल्डिङ सेन्टर स्थापना गर्न निर्देशन दिएको छ।
- राज्यको फाल्टा विधानसभा सीटमा गत २४ मईमा पुनर्मतदान भए पछि आज भएको मतगणनामा भारतीय जनता पार्टीले ठुलो जीत दर्ता गरेको छ।
- राज्यमा आयुष्मान भारत योजना यस वर्ष जुलाई महिना देखि शुरू हुनेछ।
- आकाशवाणीको स्थापना भएको 90 वर्ष पुगेको अवसरमा आकाशवाणी खरसाङले आज म्याराथन रन आयोजित गरेको छ।
- मौसम विभागले उत्तर बङ्गाल तथा दार्जीलिङ पहाडी क्षेत्रहरूमा आगामी केही दिनसम्म भारी वर्षा, चट्याङ र तीव्र गतिमा हावाहुरी चल्ने सम्भावना रहेको बताएको छ।

**<u>होल्डिङ सेन्टर</u>**

राज्य सरकारको गृह तथा पहाडी मामला विभागले राज्यका सबै जिल्ला अधिकारीहरूलाई अवैध रूपमा बसोबासो गरिरहेका बंगलादेशी तथा रोहिंग्या विदेशी नागरिकहरूलाई नियन्त्रणमा लिएपछि उनीहरुलाई राख्नका लागि होल्डिङ सेन्टर स्थापना गर्न निर्देशन दिएको छ। सरकारद्वारा जारी आदेशअनुसार यी होल्डिङ सेन्टरहरूमा पक्राउ परेका विदेशी नागरिकहरूका साथै जेल सजाय पूरा गरी देश निकाला तथा स्वदेश फिर्ताको प्रक्रियामा रहेका विदेशी बन्दीहरूलाई पनि राखिनेछ। कोलकाता स्थित राइटर्स बिल्डिङबाट जारी पत्रमा भारत सरकारको गृह मन्त्रालयको निर्देशनअनुसार बंगलादेशी तथा रोहिंग्या नागरिकहरूको पहिचान, नियन्त्रण र डिपोर्टेशन प्रक्रियालाई व्यवस्थित बनाउन यो कदम चालिएको उल्लेख गरिएको छ। पश्चिम बंगाल सरकारको यो आदेश सबै जिल्लापाल, पुलिस आयुक्त तथा जिल्ला पुलिस प्रमुखहरूलाई पठाइएको छ।

**<u>फाल्टा मतगणना</u>**

राज्यको फाल्टा विधानसभा सीटमा गत २४ मईमा पुनर्मतदान भए पछि आज भएको मतगणनामा भारतीय जनता पार्टीले ठुलो जीत दर्ता गरेको छ। यसको साथै राज्यमा तृणमूल कांग्रेसको अझ एक सशक्त गढ़ ध्वस्त बनेको छ। भाजपा उम्मेद्वारा देबाशीष पांडाले एक लाख भन्दा अधिक वोटको भारी अंतरले जीत दर्ता गरेको छ। यस परिणामले राज्यको राजनीतिमा ठुलो परिवर्तन ल्याएको संकेत रहेको बताइएको छ। चुनाव परिणाम आए पछि राज्यका मुख्यमंत्री शुभेंदु अधिकारीले यसलाई तृणमूल कांग्रेसको पतनको शुरुआत बताउनुभएको छ। उहाँले फाल्टाको जनताले वर्षौं पछि स्वतंत्र अनि निष्पक्ष मतदान गरी लोकतंत्रलाई पुनर्स्थापित गरेको बताउनुभएको छ। पुर्नमतदानमा वाममोर्चा समर्थित उम्मेद्वार शंभूनाथ कुर्मीले लगभग 37 हजार वोट प्राप्त गरेर दोस्रो स्थानमा रहे भने कांग्रेस प्रत्याशी अब्दुर रज्जाक मोल्लालाई लगभग साढ़े नौ हजार वोट प्राप्त भएर तेस्रो स्थानमा रहे। चौथो स्थानमा तृणमूल कांग्रेसका जहांगीर खान रहे।

**<u>केन्द्रीय मन्त्री सिलगढ़ी</u>**

केन्द्रीय शिक्षा राज्य मन्त्री डा. सुकान्त मजुमदार आज एक दिने सिलगढ़ी भ्रमणमा आउनु भएको छ। उहाले विवेकानन्द विद्या विकास परिषदद्वारा संचालित शारदा शिशु तीर्थ तथा शारदा विद्या मन्दिरको सिलगढ़ी कार्यालयमा संवाददाताहरूलाई सम्बोधित गर्दै पश्चिम बंगालमा अवैध बंगलादेशी तथा रोहिंगियाहरूलाई राख्न मुख्यमन्त्री सुभेन्दु अधिकारीले सबै जिल्ला शासकहरूलाई होल्डिंग एरिया अर्थात अवैध घुषपैठियाहरूलाई राख्ने स्थान तारी गर्ने निर्देशको स्वागत गर्नु भयो। उहाले विगतको टी.एम.सी सरकारमाथि कड़ा हमला गर्दै ममता ब्यानर्जीको पार्टी अब सकेर जानेछ

भन्नुभयो। उहाले सीपीआईएम तथा टीएमसी सरकारहरूले राज्यको संस्कृति, समृद्धि र गौरवहरूलाई धेरै नोक्सान पुरयाएको बताउनु भयो। उहाले भन्नुभयो केन्द्र र राज्यको डबल इन्जिन सरकारले राज्यको पुरानो गौरव, गरिमा, संस्कृति र समृद्धिलाई पुनः फर्काई ल्याउन तीव्र गतिमा काम गर्नेछ।

राज्यका शारदा विद्या मन्दिर विद्यालयहरूका विद्यार्थीहरूलाई सम्बर्द्धना जनाउने एक कार्यक्रममा उहा सिलगढ़ी आउनु भएको छ। उहाले यो वर्ष माध्यमिक र उच्च माध्यमिक परीक्षामा ६० प्रतिशत भन्दा मथि अनि शीर्ष १० मा स्थान ओगटने यी विद्यालयहरूका ५३ विद्यार्थीहरूलाई सम्मानित गर्नुभयो। स्मरण रहोस यस वर्ष माध्यमिक परीक्षामा झण्डै ६ लाख ७१ हजार विद्यार्थीहरू सामेल भएका थिए जसमा शारदा विद्या मन्दिरहरूका १४ सय विद्यार्थीहरू सामेल थिए।

सुन्नुहोस हाम्रा संवाददाताको एक रिपोर्ट-

**आयुष्मान भारत - पश्चिम बंगाल**

राज्यमा आयुष्मान भारत योजना यस वर्ष जुलाई महिना देखि शुरू हुनेछ। मुख्यमंत्री शुभेंदु अधिकारीले केंद्रीय स्वास्थ्य मंत्री जगत प्रकाश नड्डासित एउटा वर्चुअल बैठक गर्नु भए पछि हिज कोलकातामा यो घोषणा गर्नुभयो। राज्यका स्वास्थ्य योजना 'स्वास्थ्य साथी' अंतर्गत वर्तमान लाभार्थीहरुलाई आयुष्मान भारत योजनामा शामेल गरिनेछ। आयुष्मान भारत आरोग्य मंदिरको संबंधमा आगामी महिना सहमति पत्रमा नयाँ दिल्लीमा हस्ताक्षर गरिनेछ। मुख्यमंत्री शुभेंदु अधिकारीले राज्यमा प्रधानमंत्री जन औषधी केंद्रहरुको संख्या वर्तमान 1 सय 17 देखि बढ़ाएर 4 सय 69 गरिने संबंधमा केंद्र सरकारलाई एउटा प्रस्ताव पठाउनुभएको छ। मुख्यमंत्रीले अलीपुरद्वार, कालेबुङ्ग अनि दक्षिण दिनाजपुर जिल्लाहरुमा नयाँ मेडिकल कॉलेज खोल्ने अनि उत्तर बंगालको लागि एउटा नयाँ एम्सको प्रस्ताव पनि केंद्र सरकारलाई पठाइएको छ भनी बताउनुभएको छ।

**कोलकाता कार्यवाही**

कोलकातामा आज बिहानदेखि अवैध निर्माणहरु विरुद्ध ठुलो स्तरमा बुलडोजर कार्यवाही जारी छ। शहरको तिलजला, कसबा अनि बेलेघाटा समेत धेरै क्षेत्रहरुमा कथित अवैध भवनहरु भत्काइंदैछ। कसबाको बीबी चटर्जी स्ट्रीट स्थित अवैध निर्माणलाई भत्काइने कार्यवाहीको निरीक्षण गर्न पुगेका पश्चिम बंगालको नगर एवं शहरी विकास मंत्री अग्निमित्रा पालले अवैध निर्माण तथा अवैध निर्माण गर्नेहरु विरुद्ध कड़ा चेतावनी दिनुभएको छ। मंत्रीले बताउनुभयो जुन अधिकारी तथा कर्मचारीहरुको जिम्मेदारी अवैध निर्माणहरुमाथि निगराणी राख्न थियो उनीहरु विरुदध पनि कार्यवाही गरिनेछ। उहाँले भन्नुभयो जहां-जहां अवैध निर्माण भएको छ, त्यहाँ जिम्मेदार व्यक्तिहरु विरुद्ध कार्यवाही गरिनेछ। भवन निर्माण गर्ने मानिस, पैसा लगाउने मानिस, डेवलपर तथा प्रमोटरको रूपमा जुड़ेका सबै विरुद्ध कार्यवाही गरिने पनि मंत्री अग्निमित्रा पालले बताउनुभएको छ।

**हुमांयू कबिर**

आम जनता उन्नयन पार्टी (एजियुपी) का प्रमुख हुमांयू कबिरले राज्य सरकारले लागू गरेका नियमहरूको सम्मान गर्न मुस्लिम समुदायलाई अपिल गरेका छन्। उहाँले ईदको बलिदानका कारण कुनै पनि समुदायले समस्या भोग्न नपरोस् भन्ने कुरो माथि सबैले ध्यान दिनुपर्ने बताएका छन्। यसको साथै उहाँले गौमाताको हत्या नगर्ने आग्रह गरेका छन्।

**आकाशवाणी म्याराथन - खरसाङ्ग**

आकाशवाणीको ९० औं वार्षिकोत्सवको अवसरमा, आकाशवाणी खरसाङ्गले आज म्याराथन दौड आयोजना गरेको छ। तीन किलोमिटरको दौडमा पुरुष र महिला गरी पचास भन्दा अधिक धावकहरूले म्याराथनमा भाग लिएका थिए। खरसाङ्गका विधायक सोनम लामाले प्रमुख अतिथिको रूपमा जिरो पोइन्ट, खरसाङ्गबाट म्याराथनको झण्डा देखाएर प्रस्थान गराउनुभयो। पुलिस अनि अस्पतालका कर्मचारीहरूको सहयोगमा खरसांग शहर परिक्रमा गरी आकाशवाणी खरसांग केन्द्रमा दौड सम्पन्न भयो। पुरुष समूहमा प्रयास प्रधानले पहिलो स्थान प्राप्त गरे भने, नोर्बु छिरिङ शेर्पाले दोस्रो स्थान प्राप्त गरे र प्रशान्त क्षेत्रीले तेस्रो स्थान प्राप्त गरे। महिलाहरुमा सबिना गिरीले पहिलो स्थान प्राप्त गरे, जबकि रेबिना सुब्बाले दोस्रो अनि प्रज्ञा शंकरले तेस्रो स्थान प्राप्त गरे। सबै सहभागीहरूलाई पदक र सहभागिताको प्रमाणपत्र प्रदान गरियो। यस अवसरमा बोल्दै प्रमुख अतिथि श्री विधायक लामाले भन्नुभयो- आकाशवाणीको राष्ट्रप्रतिको गौरवशाली ९० वर्षको निरन्तर सेवाको सम्झना गर्नु देश, नेपाल

र विश्वभरीका नेपाली भाषी जनताका लागि धेरै गर्वको क्षण हो। ८ जून, १९३६ मा स्थापित अल इन्डिया रेडियो तथा आकाशवाणीले, भारत-चीन युद्धको लगत्तै पछि १९६२ मा खरसाङ्गमा आफ्नो केन्द्र स्थापना गर्यो। स्थापना भएदेखि नै आकाशवाणी खरसाङ्गले जनतालाई, विशेष गरी सम्पूर्ण हिमालय र फेदका नेपाली भाषी जनतालाई निरन्तर शिक्षित बनाउन तथा जानकारी दिन साथै मनोरञ्जन प्रदान गरिरहेको छ। दशकौंदेखि आकाशवाणी खरसाङ्गले विश्वसनीय माध्यमको रूपमा आफ्नो गौरव कायम राखेको छ, सरकार र जनतालाई जोड्नमा महत्वपूर्ण भूमिका खेल्दै, विकसित भारत २०४७ को दृष्टिकोणलाई बढावा दिइरहेको छ। यस अवसरमा विशेष अतिथि, दार्जिलिङ पहाडका प्रसिद्ध बडी बिल्डर श्री संजय छेत्री र कार्यक्रम कार्यकारी राजीव सुब्बाले पनि समापन कार्यक्रमलाई सम्बोधन गरे। यस म्याराथन कार्यक्रम विषयमा पत्रकारहरुसित कुराकानी गर्दै आकाशवाणी खरसाङका कार्यक्रम निष्पादक मनन तामाङले विस्तृत जानकारी गराए।

**रोहिणी टोल**

आगामी १ जुनदेखि रोहिणी मार्गमा रहेको टोल प्लाजा बन्द हुने निश्चित भएसाथै, त्यहाँ कार्यरत कर्मचारीहरूको भविष्यलाई लिएर आवाज उठ्न थालेको छ। मार्क्सवादी कम्युनिस्ट पार्टी (माकपा) दार्जीलिङ जिल्ला सचिवालय सदस्य सचिन खातीले टोल प्लाजामा कार्यरत स्थानीय युवाहरूलाई वैकल्पिक रोजगारी र तीन महिनाको वेतन क्षतिपूर्तिको रूपमा दिनुपर्ने मांग गरेका छन्।

**मौसम**

मौसम विभागले उत्तर बङ्गाल तथा दार्जीलिङ पहाडी क्षेत्रहरूमा आगामी केही दिनसम्म भारी वर्षा, चट्याङ र तीव्र गतिमा हावाहुरी चल्ने सम्भावना रहेको बताएको छ। विभाग अनुसार बङ्गालको खाडीबाट आएको जलवाष्पयुक्त हावा र न्यून चापीय प्रणालीका कारण उत्तर बङ्गालका जिल्लाहरूमा मौसम पूर्ण रूपमा प्रभावित भएको छ। मौसम विभाग अनुसार भोलि र आगामी दिनहरूमा दार्जिलिङ र कालेबुङ्ग जिल्लाका धेरैजसो स्थानहरूमा हल्कादेखि मध्यम वर्षाका साथै केही क्षेत्रमा ७ देखि ११ सेन्टिमिटरसम्मको भारी वर्षा हुने अनुमान गरिएको छ। यसका साथै, पहाडी क्षेत्रमा मेघगर्जन र चट्याङ सहित प्रतिघण्टा ४० देखि ५० किलोमिटरको गतिमा हावाहुरी चल्ने चेतावनी पनि जारी गरिएको छ। लगातारको वर्षाका कारण पहाडी सडकहरूमा पहिरो जान सक्ने र बाक्लो कुहिरोका कारण दृश्यता कम हुन सक्ने भएकाले चालक तथा यात्रीहरूलाई विशेष सतर्कता अपनाउन भनिएको छ। अर्कोतर्फ, तराई र डुवर्सका जलपाईगुढी, अलिपुरद्वार र कुचबिहार जिल्लाहरूमा अति भारी वर्षाको सम्भावना रहेको छ। नदी किनारका बासिन्दाहरूलाई जलस्तर बढ्न सक्ने हुनाले सुरक्षित बस्न प्रशासनले अनुरोध गरेको छ।

**सिंगेल पंजीकरण**

खर्सांग अन्तर्गत सिंगेल कोठीधुरा ग्राम सुधार समाज पंजीकृत भएको ऐतिहासिक क्षणलाई यादगार बनाउन समाजको पदाधिकारी लगायत सम्पूर्ण सदस्यहरुको उपस्थितिमा केक काटेर भव्य रुपमा खुशियाली मानएको जानकारी प्राप्त भएको छ। १९५७ साल देखि विभिन्न नाममा समाजका सदस्यहरुले धैरै सामाजिक कार्यहरु गर्दै आएको भए तापनि कतिपय कारणले पंजीकृत हुन नसकेको तितो सत्यलाई मध्यनजर राख्दै आज आएर समाज सफलता पूर्वक पंजीकृत भएकोमा सम्पूर्ण सदस्यहरुले खुशि महसुस गरेर आगामी दिनहरुमा समाजहरुले सामाजिक कार्यहरु नानीहरुको उज्जवल भविष्यको निम्ति अझ धैरै सुकार्य गर्ने थप प्रोत्साहन पाएको कुरो समाजका अध्यक्षले जानकारी दिएका छन्।

**गोरामुमो-कालेबुङ्ग**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो) कालेबुङ्ग २४ नम्बर समष्टि अन्तर्गत समथार ग्राम पञ्चायतको सुरुक शाखामा गोर्खा राष्ट्रिय नारी संगठनको शाखा कमिटी गठन गरिएको छ। संगठनलाई अझ सशक्त र सक्रिय बनाउने उद्देश्यले आयोजित सभामा महिला नेतृत्वलाई विशेष प्राथमिकता दिँदै नयाँ शाखा कमिटी गठन गरिएको बताइएको छ।

**********